# ओमसतिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हाटी फर्सातिकर,रुपन्देही
लुम्बिनी प्रदेश,नेपाल

**क्याटलग / ब्रोसर सपिङ्ग विधिबाट मोटरसाइकल तथा स्कुटर खरिद सम्बन्धी ७ दिने शिलबन्दी प्रस्ताव आह्वानको सूचना !!!**
**(प्रथम पटक प्रकाशन मिति २०८१/०७/०५ गते)**

प्रस्तुत विषयमा यस ओमसतिया गाउँपालिका रुपन्देहीको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका मोटरसाइकल तथा स्कुटर सार्वजनिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेता (IMPORTER हरू बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलक सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनउत्पादकको आधिकारिक स्पेशिफिकेसन (क्याटलग वा ब्रोसर, गुणस्तर र कम्पनीकोआधिकारिकमुल्य खुल्ने कागजात राखि तपशिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सम्बन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा वेबसाइट www.omsatiyamun.gov.np मा समेत हेर्न सकिनेछ ।

तपशिल :

१. सवारी साधनको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गरी कार्यालयबाट स्वीकृत स्पेशिफिकेसनको offered specification column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरू विवरण अनिवार्य भरेर सहि छाप गरि शिलवन्दीका साथ पेश गर्नुपर्नेछ ।

२. उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सोको नेपालका लागि आधिकारिक विक्रेताले उक्तसवारी साधनहरु बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायवाट प्राप्त भएको अनुमति पत्र, सोको अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरणलगायत आबस्यक कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रूपमा पेश गरेको हुनुपर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म छुट्टाछुट्टै शिलबन्दी प्रस्ताव दर्तागराउनसकिनेछ तथा दर्ता गरिएका शिलबन्दी प्रस्तावहरू सोहिदिनको १:०० बजे खोलिनेछ। कार्यालयमा प्रस्ताव पेश गर्नुहुनयो सूचना प्रकाशन गरिएको छ ।

४. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल | **Ground Clearance not less than 160 mm, Displacement 220+-10cc, 4-Stroke DTS-I oil cooled single cylinder Engine, 12 V full DC System etc.** | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ । |
| २ | मोटरसाइकल | **Ground Clearance not less than 150 mm, Displacement not less than 149 cc, Air Cooled 4 stroke engine type,12 V Battery Capacity etc.** | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ । |
| ३ | स्कुटर | **Ground Clearance not less than 170 mm, Displacement not less than 120cc (minimum), Air Cooled engine type, 12 V Battery Capacity etc.** | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत technical specification बमोजिम हुनेछ । |

प्रमुख प्रशासकीय अधिकृत